# अध्याय - एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्य बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनसँग केन्द्रित रहेको छ । सारांश लेखन भाषिक सीप विकासको लेखाइ सीपअन्तर्गत पर्दछ । भाषा मानवीय र सामाजिक वस्तु हो । भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारको रूपमा लिइन्छ । त्यसैले जति मात्रामा भाषालाई प्रयोग गर्ने, उपयोग गर्ने, व्यवहार गर्ने र अभ्यास गर्ने वातावरण प्राप्त हुन्छ, त्यत्तिकै मात्रामा भाषिक सीपहरूले पनि विकसित र परिष्कृत हुने मौका पाउँछन् । भाषाका आधारभूत सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषा शिक्षणमा भाषाका यी चार सीपहरूको एकीकृत पद्धतिद्वारा शिक्षण सिकाइ प्रक्रिया अपनाइन्छ । भाषाका आधारभूत सीपहरूमध्ये लेखाइ एक महत्त्वपूर्ण सीप हो । स्वतन्त्र रूपमा लिखित विचारहरूलाई अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गर्न लेखाइ सीपको सिकाइ शिक्षण जरुरी हुँदा प्रसङ्गानुसार भाषिक सीपहरू एक आपसमा अन्तर्सम्बन्धित रहेका हुन्छन् । लेखाइ सीपको विकास लागि धेरै कार्यकलापहरू गराउनु आवश्यक हुन्छ । तीमध्ये सारांश लेखन पनि एक महत्त्वपूर्ण कार्यकलाप हो । कुनै लिखित वा मौखिक अभिव्यक्तिका मुख्य कुरालाई नछुटाई एक तृतीयांश शब्दमा अभिव्यक्त गर्नु सारांश लेखन हो । मूल पाठलाई एक तृतीयांश भागमा सिलसिला मिलाएर प्रस्तुत गरिने सारांश लेखन भाषिक कला वा सीप हो । एक तृतीयांश (१/३) भागमा प्रस्तुत गरिने सारांश लेखनलाई सङ्क्षिप्त लेखन, सङ्क्षेप, सङ्क्षेपीकरण पनि भनिएको पाइन्छ । विद्यार्थीको लेखन क्षमताको विकास गर्न विभिन्न खोज अध्ययन अनुसन्धान भएको पाइन्छ । लेखन क्षमताकै महत्त्वपूर्ण पक्ष सारांश लेखन क्षमतामा पनि विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ । विद्यार्थीको निरन्तर उपलब्धिका लागि सारांश लेखन क्षमतामा अझै खोज अनुसन्धान हुनु नितान्त आवश्यक छ । यसै सन्दर्भमा प्रस्तुत शोधपत्र बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पनि सारांश लेखन क्षमताको अध्ययन हुनु आवश्यक महसुस गरी यो शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्याकथन

बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । प्रस्तुत शोध समस्यासँग सम्बन्धित अन्य समस्याहरू यसप्रकार रहेका छन् :

(क) बैतडी जिल्लाको कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता के कस्तो रहेको छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ?

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो देखिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रको मूल उद्देश्य बैतडी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता पहिल्याउनु हो । यसै उद्देश्य प्राप्तिका लागि अन्य उद्देश्यहरू यसप्रकार निर्धारित छन् :

(क) बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता पत्ता लगाउनु,

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थितिको अध्ययन गर्नु ।

## १.४ शोधको सान्दर्भिकता र उपादेयता

भाषाको महत्त्वपूर्ण कार्य भनेको विचार आदान प्रदान गर्नु हो । भाषाका चार सीपमध्ये लेखाइ सीप बढी आधिकारिक र प्रामाणिक मान्ने गरिन्छ । यस कुरालाई मध्यनजर गर्दै विद्यालय तहदेखि विश्वविद्यालय तहका पाठ्यक्रममा सारांश लेखन शिक्षणलाई विशेष महत्त्वका साथ राखिएको छ । यसका लागि विभिन्न तहका विद्यार्थीहरूको सारांश लेखन

क्षमताको शोध अध्ययन हुँदै आएका छन् । बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको पनि अध्ययन विश्लेषण हुनु आवश्यक छ । हालसम्म यससम्बन्धी कसैले शोध अध्ययन नगरेकाले प्रस्तुत अध्ययन मौलिक र नवीन बन्न गएको छ । यसबाट यो अध्ययन सान्दर्भिक भएको कुराको पुष्टि हुन्छ । यसका साथै नेपाली भाषा शिक्षणअन्तर्गत सारांश लेखन शिक्षणसँग सम्बन्धित शिक्षक, विद्यार्थी, भाषाप्रेमी, अनुसन्धानकर्ता, नेपाली भाषाका पाठ्यक्रम, पाठ्यपुस्तक लेखन र परिमार्जन, भाषिक सीप विकास र भाषा विकासका बारेमा जिज्ञासा राख्ने सबैका लागि समेत यो शोधकार्य उपयोगी भएकाले यसको उपादेयताको पुष्टि हुन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

बैतडी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत अध्ययनको सीमाङ्कन यसप्रकार छ :

क) प्रस्तुत अध्ययन बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनमा मात्र सीमित रहेको छ ।

ख) उक्त अध्ययन कक्षा आठमा अध्ययरनत विद्यार्थीहरूको सारांश लेखन क्षमता परीक्षणसँग मात्र सीमित रहेको छ ।

ग) निर्दिष्ट विद्यालयका अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा मात्र सारांश लेखन क्षमताको विश्लेषणमा मात्र यसलाई केन्द्रित गरिएको छ ।

घ) प्रस्तुत अध्ययनको निष्कर्ष विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा गरिने व्याख्या विश्लेषणमा सीमित भएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा विभिन्न अङ्गहरू रहेका छन् । यस शोधपत्रको रूपरेखालाई विभिन्न अध्याय र शीर्षकहरूमा यसप्रकार उल्लेख गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा सारांश लेखन क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय – दुई

# पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा, व्याख्या विश्लेषण र निष्कर्ष लेखनका लागि आवश्यक पर्ने ज्ञान, विधि र प्रक्रियाको पृष्ठपोषण प्राप्त गर्न सम्बन्धित पूर्वकार्यको समीक्षा गरिएको छ । उक्त पूर्वकार्यको समीक्षालाई पुस्तक समीक्षा र शोध समीक्षा गरी छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तक समीक्षा

अधिकारी (२०६२) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' पुस्तकमा सारांशसम्बन्धी चर्चा गरिएको छ । उक्त पुस्तकमा प्रयुक्त पाठ्यसामग्रीको सार खिची त्यसलाई सिलसिलाबद्ध ढङ्गले प्रस्तुत गर्नु सारांश लेखनको लागि अपेक्षित विषय मानेको पाइन्छ । यसका साथै शब्द छनोट र प्रस्तुतीकरणको ढाँचामा समेत विशेष सचेतता अपनाउनु पर्छ भन्ने चर्चा गरिएको पाइन्छ । उक्त पुस्तक भाषिक अनुसन्धानका सन्दर्भमा एक उल्लेखनीय कृति हो । उक्त पूर्वकार्यमा सारांश लेखनका बारेमा उल्लेख भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । सम्बन्धित भए पनि उक्त पूर्वकार्य सैद्धान्तिक पक्षमा केन्द्रित भएकाले त्यसभन्दा सारांश लेखनको यो शोधकार्य प्रायोगिक अध्ययनमा आधारित भएकाले भिन्न पनि रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणाको विवेचना गर्न सहयोग लिइएको छ ।

भण्डारी र लामिछाने (२०६५) द्वारा लिखित 'साधारण नेपाली' पुस्तकमा सारांश लेखनको परिचय र यसको लेखनमा ध्यान पुऱ्याउनुपर्ने कुराहरूका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा कुनै अनुच्छेदमा भएका कुराहरूलाई एक तृतीयांशमा छोट्याएर सिलसिला नटुट्ने गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने प्रक्रियालाई सारांश भनिएको पाइन्छ । सारांश लेखन गर्दा अनावश्यक कुराहरू हटाई आवश्यक कुराहरू मात्र राखी सिलसिला मिलाएर लेख्नुपर्ने र अनुच्छेदलाई छोटो तर खँदिलो रूपमा छोट्याएर लेख्नु पर्ने कुरा उल्लेख गरिएको पाइन्छ । उक्त पूर्वकार्य सारांश लेखन क्षमताको अध्ययनमा आधारित प्रस्तुत शोधसँग सम्बन्धित छ । सैद्धान्तिक पक्षमा मात्र आधारित भएकाले उक्त पूर्वकार्यभन्दा प्रस्तुत

शोधकार्य सारांश लेखनको प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तकबाट शोधकार्यको अवधारणात्मक ढाँचा तयार पार्न सहयोग लिइएको छ ।

शर्मा र पौडेल (२०७०) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' पुस्तकमा लेखाइ सीप शिक्षणका उत्तरवर्ती क्रियाकलापहरूमा सारांश लेखनलाई पनि समावेश गरिएको छ । यसमा कुनै कथन वा अनुच्छेदका खास बुँदाहरूलाई नछुटाई छोटकरीमा त्यसको मुख्य अभिप्राय व्यक्त गर्नु सङ्क्षेपीकरण हो भनिएको छ । सारांश लेख्दा विस्तार तथा व्याख्या गरिएका पदपदावली, उखान टुक्का र उदाहरणलाई छाडिने र कम प्रासङ्गिक कुराहरू हटाइने कुराको चर्चा गरिएको छ । उक्त पुस्तक सारांश लेखनमा आधारित प्रस्तुत शोधकार्यसँग निकट रहेको छ । उक्त पुस्तक सैद्धान्तिक पक्षमा मात्र आधारित भएकाले उक्त पुस्तकभन्दा प्रस्तुत शोधकार्य प्रायोगिक पक्षसँग सम्बन्धित भएकाले भिन्न रहेको छ । उक्त पुस्तकबाट प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा तयार पार्न सहयोग लिइएको छ ।

अधिकारी (२०७२) द्वारा लिखित 'माध्यमिक शिक्षक दिग्दर्शन' पुस्तकमा पनि सारांश लेखनलाई लेखाइ सीप शिक्षणका क्रियाकलापहरूमा समावेश गरी उल्लेख गरिएको छ । उक्त पुस्तकमा सारांश भनेको एउटा सिङ्गो पाठको सार लेख्ने नभई खास पाठको कुनै निश्चित अनुच्छेद पढी त्यसमा व्यक्त भएका विचारको सार एक तृतीयांश शब्दसङ्ख्यामा सङ्क्षेपीकृत गरी लेख्नु हो भनिएको छ । यी क्रियाकलाप गर्दा दिइएको अनुच्छेदलाई २/३ पटक पढी बुँदागत रूपमा लेख्नुपर्ने, अनुच्छेदका महत्त्वपूर्ण कुरालाई रेखाङ्कन गर्नुपर्ने जस्ता कुरामा विशेष ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको छ । उक्त पूर्वकार्य सारांश लेखनसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । सम्बन्धित भए पनि उक्त पूर्वकार्य सैद्धान्तिक पक्षमा केन्द्रित भएकाले त्यसभन्दा सारांश लेखनको यो शोधकार्य प्रायोगिक पक्षसँग सम्बन्धित रहेकोले भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा विद्यार्थीले लेखेको सारांशको परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

भट्टराई र ढुङ्गेल (२०७३) द्वारा लिखित 'माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति' पुस्तकमा पनि सारांश लेखनसम्बन्धी चर्चा गरिएको छ । उक्त पुस्तकमा कुनै पाठलाई राम्ररी पढी त्यसको मूल भावलाई नछुटाई एक तृतीयांश शब्दमा प्रस्तुत गरिने रचना लेखनको प्रक्रियालाई सारांश भनिएको छ । सारांश पाठको अपूर्ण अंश वा टुक्रा होइन तर

आफ्नो शब्दमा लेखिएको पूर्ण रचना हो भनिएको छ । यसबाट विद्यार्थीमा सारांश लेखन सीपको विकास हुने अपेक्षा गरिएको छ । यसका साथै कुनै लेख रचनालाई छोटकरीमा भन्न सक्ने क्षमता बढाउने अपेक्षा गरिएको छ । उक्त पूर्वकार्य सारांश लेखनसँग सम्बन्धित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । सम्बन्धित भए पनि उक्त पूर्वकार्य सैद्धान्तिक पक्षमा केन्द्रित भएकाले त्यसभन्दा सारांश लेखनको यो शोधकार्य प्रायोगिक अध्ययनमा आधारि भएकाले केही भिन्न पनि रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा अवधारणात्मक ढाँचा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्ने कुरामा सहयोग लिइएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

सापकोटा (२०६४) द्वारा 'कक्षा नौ र दशका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधपत्रको उद्देश्य कक्षा नौ र दश अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र सस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सारांश लेखनसँग सम्बन्धित कमीकमजारीहरू पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यम रहेको र सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै सारांश लेखनसँग सम्बन्धित भए तापनि कक्षागत र क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन र व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

भण्डारी (२०६६) द्वारा 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहको कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको

सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा छात्रछात्राहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु तथा सारांश लेखनसँग सम्बन्धित कमीकमजोरी पत्ता लगाई निराकरणका लागि आवश्यक सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधपत्रमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही काठमाडौँ उपत्यकाका अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुनेभन्दा नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको, लैङ्गिक आधारमा छात्रको सारांश लेखन क्षमताभन्दा छात्राको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै सम्बन्धित भए तापनि तहगत विविधता र उद्देश्यगत व्यापकताले गर्दा प्रस्तुत शोध कार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन, सामग्री निर्माण र निष्कर्षमा पुग्नका लागि आधार प्राप्त भएको छ ।

गौतम (२०६७) द्वारा ‘कक्षा बाह्रमा अध्ययन विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सारांश लेखनसँग सम्बन्धित कमी कमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही काठमाडौँ जिल्लाका अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त शोधमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तह कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको भन्दा नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तह कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्य सारांश लेखन क्षमताकै अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ र कक्षा बाह्रका विद्यार्थीहरूलाई आधार मानेर अध्ययन गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोध कार्यमा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०६८) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु तथा सारांश लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही काठमाडौँ जिल्लाका सामुदायिक र सस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता निम्न रहेको तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । सारांश लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग सम्बन्धित रहेको छ भने उक्त पूर्वकार्य कक्षा नौका विद्यार्थीहरूको सारांश लेखन क्षमतामा आधारित भएकाले उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्य विधि छनोटमा सहयोग पुगेको छ ।

सिग्देल (२०६८) द्वारा 'तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, अनुच्छेद लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका लागि सुझाव दिनु रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही तनहुँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहेको, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता राम्रो रहेको तथा नेपाली मातृभाषी तुलनामा नेपाली विमातृभाषीको विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै लेखन सीपको क्षमताको अध्ययनसँग सम्बन्धित भए तापनि कक्षागत र

क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई सामग्री सङ्कलन र तथ्याङ्क विश्लेषण गर्नका लागि केही आधार प्राप्त भएको छ ।

सुवाल (२०६९) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा छात्रछात्राको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु तथा सारांश लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका लागि सुझावहरू दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही भक्तपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीको सारांश लेखन क्षमता मध्यम रहेको, संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ र छात्राहरूको भन्दा छात्रहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै सारांश लेखनसँग सम्बन्धित भए तापनि क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन र तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

हमाल (२०७०) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु तथा सारांश लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही सुर्खेत जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र र छात्राको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको, संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको तथा लैङ्गिकताका आधारमा छात्रहरूको भन्दा छात्राहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै सारांश

लेखन क्षमतासँग सम्बन्धित भए तापनि क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यअन्तर्गत विधि छनोट गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

खत्री (२०७१) द्वारा 'कक्षा दशमा अध्ययन विद्यार्थीहरूको बुँदाटिपोट र सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधको उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता र बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू सारांश लेखन र बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, सारांश लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही सुर्खेत जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दशवटा विद्यालयहरूलाई नमुनाको रूपमा लिई विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता निम्नस्तरको रहेको, बुँदा टिपोट क्षमता मध्यमस्तरको रहेको तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुबै सारांश लेखनसँग सम्बन्धित तापनि क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

रावल (२०७२) द्वारा 'कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधका उद्देश्यहरू कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु तथा सारांश लेखनसँग सम्बन्धित कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही मकवानपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको, सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदा टिपोट क्षमता राम्रो रहेको तथा विमातृभाषीभन्दा मातृभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष

निकालिएको छ । उक्त शोधकार्य बुँदाटिपोटसँग सम्बन्धित भए तापनि प्रस्तुत शोधकार्यको सामग्री निर्माणसँग सम्बन्धित देखिन्छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा विधि छनोट र सामग्री सङ्कलन गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०७३) द्वारा 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र लेखिएको छ । उक्त शोधका उद्देश्यहरू कक्षा दशमा अध्ययनरत विद्यार्थीको सारांश लेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु तथा सारांश लेखनसँग सम्बन्धित कमी कमजारीहरूका पत्ता लगाई निराकरणका उपायहरू सुझावका रूपमा दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिअन्तर्गत रही चितवन जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीको सारांश लेखन क्षमता मध्यम रहेको, सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको तथा छात्राहरूको भन्दा छात्रहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य र प्रस्तुत शोधकार्य दुवै सारांश लेखनसँग सम्बन्धित भए तापनि कक्षागत र क्षेत्रगत दृष्टिले प्रस्तुत शोधकार्य भिन्न रहेको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सामग्री सङ्कलन तथा तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ ।

उक्त अध्ययनहरू केही जिल्लाहरूमा मात्र सीमित रहेकाले सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको देखिँदैन । तसर्थ बैतडी जिल्लाका विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गरी आवश्यक सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्ने भएकाले प्रस्तुत अध्ययन गर्नु उपयुक्त ठानी 'बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' शीर्षकमा यो पत्र तयार गरिएको हो ।

## २.२ अवधारणात्मक ढाँचा

प्रस्तुत शोध सम्पन्न गर्ने क्रममा सुरुमा अवधारणात्मक ढाँचा वा स्वरूपको निरूपण गर्नु आवश्यक छ । प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचाअन्तर्गत सारांशको परिचय, सारांश लेखनका विधि वा कार्यकलापहरू, सारांश लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू, सारांश लेखन क्षमताको आवश्यकता, महत्त्व र प्रयोजन र लेखाइ सीप र सारांश लेखनको सम्बन्धको बारेमा व्याख्या गरिएको छ । यी कुराहरूलाई विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ ।

### २.२.१ सारांश लेखनको परिचय

विषयवस्तुमा मूल प्रसङ्ग वा भाव तात्पर्यलाई कमभन्दा कम समयमा सङ्क्षिप्त र सारगर्भित ढङ्गले व्यक्त गरिएको अंशलाई सारांश भनिन्छ । कुनै पाठ वा सङ्कथन मुख्य कुरालाई नछुटाई एक तृतीयांशमा घढाएर लेख्नु नै सारांश लेखन हो । कुनै कथन वा अनुच्छेदमा खास बुँदा नछुटाई छोटकरीमा त्यसको मुख्य अभिप्राय व्यक्त गर्नु सङ्क्षेपीकरण हो । सारांश भनेको सार भाग, निचोड, निष्कर्ष, कुनै कुरा वा लेखेको सङ्क्षिप्त रूप, तात्पर्य, अभिप्राय, नतिजा, परिणाम परिशिष्ट, उपसंहार भनिएको पाइन्छ (पौडेल, २०७० : १००) । यसबाट पनि सारांश भनेको मुख्य पाठको सार भाग, सार कुरो र मुख्य भाव हो भन्ने बुझिन्छ । कुनै लिखित अभिव्यक्तिको अनुच्छेद वा अनुच्छेद समूहका मुल बुँदालाई पक्रिएर एक तृतीयांश शब्दमा त्यस अभिव्यक्तिका अभिप्राय प्रस्तुत गर्नु नै सारांश हो ।

### २.२.२ सारांश लेखनका विधि वा कार्यकलाप

#### (क) पठनबोध

पठन भनेको पढ्नु हो । सारांश लेख्नुभन्दा पहिले दिइएको अनुच्छेद गम्भिरतापूर्वक तथा मुख्य आशय नबुझ्ुन्जेलसम्म पटक-पटक पढ्नु पर्दछ । कुनै पनि सारांश लेखन दिइएको अनुच्छेद २/३ पटक राम्ररी पढ्नु पर्दछ ।

#### (ख) पुनःपठन

पुनःपठन भन्नाले दोहोऱ्याएर पढ्ने वा एकपटक पढिसकेपछि पुनः पढ्नुलाई पुनःपठन भनिन्छ । सारांश लेखनको लागि पुनःपठन गर्न आवश्यक छ । गम्भीरतापूर्वक बोध

हुने गरी दोहोऱ्याएर अनुच्छेद पढ्ने बानी गर्नुपर्दछ । पुनः पठन भन्नाले दोहोऱ्याएर पढ्नु हो ।

**(ग) रेखाङ्कन**

दिइएको अनुच्छेद पढिसकेपछि मुख्य-मुख्य कुरालाई रेखाङ्कित गर्नुपर्दछ । यसले गर्दा मुख्य आशय टिप्न सजिलो हुन्छ । पढेका कुरा सजिलै बुझ्न सकिने र मुख्य कुरा नछुट्ने गरी रेखाङ्कन गर्दै लैजानु पर्दछ ।

**(घ) बुँदाटिपोट**

दिइएको अनुच्छेदका मुख्य कुराहरूमा रेखाङ्कन गरिसकेपछि रेखाङ्कित कुराहरूलाई बुँदाहरूमा टिप्नु पर्दछ ।

**(ङ) सङ्ख्या निर्धारण**

बुँदाहरू टिपिसकेपछि त्यसबाट पनि मुख्य मुख्य कुराहरू छानेर एक तृतीयांश शब्दमा समावेश गर्ने गरी शब्दसङ्ख्या निर्धारण गर्नुपर्दछ ।

**(च) खेस्रा लेखन**

दिइएको अनुच्छेदबाट टिपिएका बुँदाहरूलाई सिलसिला मिलाई एक तृतीयांश शब्दसङ्ख्यामा छोट्याएर लेख्नु पर्दछ । पहिलो पटकको यो लेखन खेस्रा लेखनका रूपमा रहेको छ ।

**(छ) परिमार्जन**

खेस्रामा मुख्य कुरा छुटे नछुटेको हेर्नु पर्छ । खेस्रा लेखनमा शब्दसङ्ख्या, क्रम र लेखन शैली तलमाथि भए त्यसलाई परिमार्जन गर्नु पर्छ ।

**(ज) साफी लेखन**

परिमार्जन गरिसकेपछि त्यसको साफी लेखन गरी अन्तिम रूप दिनुपर्दछ ।

**(झ) शीर्षक चयन**

अन्त्यमा लेखिएको सारांशका लागि उपयुक्त शीर्षक चयन गर्नुपर्छ । छोटो मिठो र विषयको सार आउने शीर्षक दिनुपर्दछ ।

समग्रमा विस्तृत अंशलाई छोट्याएर सङ्क्षिप्तमा सबै भाव अटाउनु पर्दछ । सरल, सहज र छोटो रूपमा लेखेर मूल आशय व्यक्त गर्ने कार्य सारांश लेखन भएकाले निरन्तर अभ्यासबाट लेखन कलामा स्तरीयता र तीक्ष्णता ल्याउन सकिन्छ ।

### २.२.३ सारांश लेखनमा हुनुपर्ने गुणहरू

(क) **सावधानी**

सारांश लेख्ने व्यक्तिमा सावधान हुनु आवश्यक छ । यो एकचोटि सरसर्ती पढेर हचुवाको भरमा लेख्नु हुँदैन । सारांश लेख्दा गहन रूपमा अध्ययन गरी त्यसको मूलभाव पत्ता लगाउनु पर्दछ । त्यसै गरी शब्दसङ्ख्या, भाषाशैली, शब्दको प्रयोग आदिमा विशेष सावधानिकता अपनाउनुपर्छ । अतः यो सारांश लेखनमा नभई नहुने गुण हो ।

(ख) **तटस्थता**

तटस्थता भनेको कुनै पनि समूह वा पक्षमा नलागी निरपेक्ष रूपमा आफ्नो भूमिका निर्वाह गर्नु हो । सारांश लेख्दा पनि भावनामा डुबेर टीकाटिप्पणी तथा थपथाप गरेर तथ्यलाई परिवर्तन गर्ने काम गरिनु हुन्न । जे छ, त्यसलाई नै सङ्क्षिप्त रूपमा आफ्नो मौलिक शब्दमा प्रस्तुत गर्नु पर्दछ । अतः सारांश लेखनमा तटस्थता पनि हुन आवश्यक हुन्छ ।

(ग) **सार कुरो पत्ता लगाउने क्षमता**

सारांश लेखनमा निर्दिष्ट पाठ वा अनुच्छेद पढिसकेपछि छिटोभन्दा छिटो त्यसको मूलभाव, सार कुरो वा तात्पर्य पत्ता लगाउने क्षमता हुनुपर्दछ ।

(घ) **नियमबद्धता**

सारांश लेखन भनेको नियमबद्ध लेखाइको प्रक्रिया हो । यसमा निश्चित शब्दसङ्ख्या, त्यसको क्रम, शब्दहरूको प्रयोग जस्ता कुराहरूमा विशेष ख्याल गर्नुपर्दछ । तसर्थ सारांश लेखनमा नियमबद्धता हुनु आवश्यक हुन्छ ।

(ङ) **स्मरण शक्ति**

सारांश लेख्दा मूल सामग्री पढेर त्यसको मूल कुरा पत्ता लगाउनु पर्दछ । यसरी मूल कुरा पत्ता लगाउन स्मरण शक्ति राम्रो हुनु पर्दछ ।

(च) **अभ्यास**

सारांश एकचोटि वा दुईचोटि लेखेर पूर्ण हुँदैन । यसको लेखन गर्दा निरन्तर अभ्यास गर्नुपर्दछ । सारांश लेखन अल्छी तथा लोसे नभई निरन्तर अभ्यास गर्ने कर्मठ प्रवृत्तिको हुनुपर्दछ ।

## २.२.४ सारांश लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू

सारांश लेखन जटिल सीप भएकाले यसको लेखनमा विभिन्न कुराहरूमा ध्यान दिनुपर्छ । सारांश लेख्दा ध्यान दिनुपर्ने कुराहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

- दिइएको अनुच्छेदलाई २/३ पटक ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ ।
- मुख्य कुरालाई रेखाङ्कन गर्नुपर्दछ ।
- व्याकरणात्मक अंश र दोहोरिएको अंश हटाउनु पर्दछ ।
- रेखाङ्कित अंशबाट बुँदागत रूपमा टिपोट गर्नुपर्दछ ।
- सम्बद्ध अंशका शब्दसङ्ख्या गणना गरी एक तृतीयांश शब्दसङ्ख्या निर्धारण गर्नुपर्दछ ।
- बुँदाहरू अपूर्ण वाक्यात्मक र सूत्रात्मक हुनुपर्दछ ।
- बुँदाहरू प्रस्तुत गर्दा विषयवस्तुको क्रममा ख्याल गर्नुपर्दछ ।
- टिपोट गरिएका बुँदालाई खेस्रा लेखन गर्नुपर्दछ ।
- खेस्रालाई पुनलेखन गरी साफी लेखन गर्नुपर्दछ ।
- शीर्षक चयन गर्नुपर्दछ ।
- सारांश लेखनका लागि मूलभाव नछोडी शब्दसङ्ख्या घटाउन समास प्रक्रिया र कृदन्तीकरणको सहायता लिनुपर्दछ ।
- सारांश एक अनुच्छेदमा मात्र लेख्नु पर्दछ ।
- सारांश लेखनमा शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गर्नुपर्दछ ।
- सारांश लेखनका अनावश्यक विशेषण, क्रिया विशेषण, अलङ्कार, उदाहरण, दृष्टान्त, उखानटुक्का अप्रत्यक्ष कथन, भूमिका र उपसंहारको प्रयोग गर्नु हुँदैन ।

### २.२.५ सारांश लेखन क्षमताको आवश्यकता, महत्त्व र प्रयोजन

सारांश लेखन लेखाइ सीप शिक्षणको महत्त्वपूर्ण कार्यकलाप हो । यसबाट विद्यार्थीहरूमा नियमबद्ध, क्रमबद्ध र सङ्क्षिप्त शैलीमा लेख्न सक्ने लेखाइ सीपको विकास गराउन सकिन्छ । मौन रूपमा मनका भाषाहरू व्यक्त गर्ने माध्यम लेखाइ हो । बोलाइको माध्यमबाट व्यक्त हुने कुराहरू अल्पकालीन हुन्छन् भने लेखाइको माध्यमबाट व्यक्त गरिने अभिव्यक्ति चिरस्थायी, मानवीय विचार र भावनालाई शब्दको रूपमा अनन्तकालसम्म सुरक्षित राख्न एवम् सम्झिरहने गरी अविनाशी हुन्छ । लेखाइलाई आफ्नो अनुभव र ज्ञानको सम्झनाका लागि सञ्चित र सङ्गठित गरी भविष्यमा उपयोगमा ल्याउन सकिन्छ ।

लेखाइ सीप भनेको भाषाको चौथो तथा प्रदानात्मक सीप हो । यो भाषाको जटिल एवम् स्तरीय सीप पनि हो । भाषाको प्रयोग विचार विनियमका निमित्त गरिन्छ । विचार विनियम भन्नाले आफ्ना विचारहरू अरूसमक्ष व्यक्त गर्नु र अरूको विचार कुरा ग्रहण गर्नु हो । लेखाइ, अनुभव, भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभई ती अनुभव ज्ञानको सम्झनाका लागि सञ्चित र सङ्गठित गरी भविष्यमा उपयोगमा ल्याउन सकिन्छ । लेखाइको आवश्यकता मुख्य गरी दुई स्थितिमा पर्दछ । पहिलो सम्बोध्य गरिने व्यक्ति अगाडि नहुँदा र दोस्रो जब सम्बोध्य गर्ने व्यक्ति कुनै खास वर्गको हुँदा त्यस अवस्थामा लेखाइको आवश्यकता पर्दछ । हरेक ठाउँमा विचार अभिव्यक्ति गर्दा बोलाइको मात्र सम्भव हुँदैन । ठाउँ, परिवेश, वातावरण र विषयअनुरूप आफ्ना मनमा लागेका कतिपय कुराहरू व्यक्त गर्न लेखाइ सीपको आवश्यकता पर्दछ । व्यक्तिगत, मौलिक तथा सिर्जनात्मक लेखन अभ्यास गर्न, ज्ञान वा विचार अनन्त कालसम्म सञ्चय गरी सुरक्षित राख्न, लिखित विचार विनियम गर्ने, व्यावहारिक, व्यावसायिक सामाजिक तथा प्रशासनिक आवश्यकता पूरा गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको आवश्यकता पुरा गर्न, शिक्षण सिकाइका लागि लेखाइ सीपको ठूलो महत्त्व रहेको हुन्छ । यसैगरी आफूलाई लागेका कुरा व्यक्त गर्न र टाढा रहेका आफन्तलाई आफ्ना मनका कुराहरू विचारहरू पुऱ्याउन, सिकाइ सरलीकरणका लागि गरिने प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश लेखन, वर्णन छलफल आदि गर्न अभिव्यक्तिलाई चिरस्थायी बनाउन, आफूले सिकेका कुरा पुनः व्यक्त गर्न पनि लेखाइ सीपको आवश्यकता र महत्त्व रहेको छ । खास गरी विद्यार्थीलाई ठूला-ठूला पाठबाट त्यसको निचोड निकाल्न र महत्त्वपूर्ण घटना छुट्याउन सारांश लेखनको आवश्यकता पर्दछ । सारांश लेखनको प्रयोजन मूलतः अनावश्यक र कम महत्त्वको कुरालाई हटाएर प्रासङ्गिक र महत्त्वपूर्ण कुरामा केन्द्रित रही मूलसार पत्ता लगाउनु हो ।

### २.२.६ लेखाइ सीप र सारांश लेखनको सम्बन्ध

लेखाइ सीप भनेको भाषाको चौथो तथा प्रदानात्मक सीप हो । यो भाषाको जटिल एवम् स्तरीय सीप पनि हो । कुनै पनि मनमा लागेका कुराहरूलाई लेखेर अभिव्यक्त गर्ने माध्यमलाई लिखित अभिव्यक्ति भनिन्छ । भाषा पाठ्यपुस्तकको निर्माण भाषा पाठ्यक्रमको निर्देशनमा गरिन्छ । भाषा पाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुवै रूपमा समावेश गरिएको हुन्छ । भाषाको लिखित रूपसँग यो सीप सम्बन्धित छ । लेखाइ सीप औपचारिक शिक्षाकै देन हो । यो सीप विकासका लागि विभिन्न अभ्यासात्मक कार्यकलापहरू गराइन्छन् । यीमध्ये सारांश लेखन पनि एक हो । सारांश लेखन लेखाइ सीप शिक्षणकै क्रममा अभ्यास गराइने एउटा अभ्यासात्मक कार्यकलाप हो । व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुरालाई बोलेर विचार विनियम गर्न सकिने स्थितिमा लेखाइ सीपको सहायता लिइन्छ । यसर्थ लेखाइ सीप भनेको उच्च स्तरीय अभिव्यक्तिको माध्यम हो भने सारांश लेखन यसै सीपमा विद्यार्थीहरूलाई दक्ष बनाउन प्रयोगमा ल्याइने एउटा कार्यकलाप हो । सारांश लेखनको मूल प्रयोजन नै स्तरीय नियमबद्ध सङ्क्षिप्त र मौलिक रूपमा लेख्न सक्ने सीपको विकास गर्नु हो । यसर्थ लेखाइ सीप र सारांश लेखनको महत्त्वपूर्ण सम्बन्ध रहेको छ ।

भाषा शिक्षणको मूल ध्येय नै भाषिक सीपको विकास गर्नु हो । हाम्रो देशमा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म विद्यार्थीहरूको मूल्याङ्कन गर्दा लिखित परीक्षाको नै उपयोग गरिन्छ । विद्यार्थीहरूमा लेख्ने सीप विकास गराउन, चित्र, वर्णन, अनुलेखन, श्रुतिलेखन, चिठी लेखन, सारांश लेखन, भाव व्याख्या, कथा लेखन, अनुच्छेद लेखन प्रतिवेदन लेखन, चिठी लेखन, निवेदन लेखन, निबन्ध लेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यकलापहरू गराइन्छ (अधिकारी, २०७२: २१) । भाषिक मूल्याङ्कन गर्दा लेखाइ सीप विकासमा प्रयोग गरिने विभिन्न कार्यकलापहरूलाई नै मुख्य रूपमा उपयोग गरिन्छ । त्यसैले लेखाइ सीपको विकासमा सारांश लेखनको पनि ठूलो भूमिका रहन्छ । कक्षा दशको अन्त्यमा लिइने एस.एल.सी. परीक्षामा पनि पाँच अङ्कको सारांश लेख्ने प्रश्न सोधिएको हुन्छ । यसबाट विद्यार्थीको लेखाइ सीपसँग घनिष्ट सम्बन्ध छ भन्ने प्रस्ट हुन्छ । सामाजिक, बौद्धिक, सांस्कृतिक, मनोवैज्ञानिक साहित्यिक विधा आदि दृष्टिले लेखाइ सीपको महत्त्व दिनानुदिन बढिरहेको पाइन्छ ।

# अध्याय – तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ पृष्ठभूमि

प्रस्तुत शोधकार्य क्षेत्रीय अध्ययन विधिमा आधारित भई सम्पन्न गरिएको छ । शोध क्षेत्रको छनोटमा परेका समग्र विद्यार्थीहरूलाई सरल यादृच्छिक नमुना छनोट विधिअन्तर्गतको चिठ्ठा प्रणाली अपनाई सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म कुन कुन विधि र प्रक्रिया अपनाइएका छन् भन्ने कुरालाई विभिन्न शीर्षकहरूमा यसप्रकार उल्लेख गरिएको छ :

## ३.२ जनसङ्ख्या पहिचान

प्रस्तुत शोधकार्यको अध्ययनका लागि शैक्षिक सत्र २०७४/०७५ मा बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । दशरथचन्द्र नगरपालिका र पाटन नगरपालिकामा रहेका कक्षा आठका सम्पूर्ण विद्यार्थीहरूलाई लिएर शोधकार्य गर्न सम्भव हुँदैन । २०७४/०७५ सालमा अध्ययनरत बैतडी जिल्लाका दशरथचन्द्र नगरपालिका र पाटन नगरपालिकामा रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यसरी प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूका दरले १०० जना विद्यार्थीलाई आधार मानी शोधकार्य गरिएको छ ।

## ३.३ नमुना छनोट

प्रस्तुत शोध बैतडी जिल्लाका सम्पूर्ण जनसङख्यालाई समेटेर अध्ययन गर्न सम्भव नभएकाले दशरथचन्द्र नगरपालिका र पाटन नगरपालिकाका १० ओटा विद्यालयहरूलाई मात्र नमुना छनोटको रूपमा लिइएको छ । उक्त नगरपालिकाभित्र पर्ने सामुदायिक र संस्थागत विद्यालय दुवैलाई छनोट गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । यसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रालाई छनोट गरी सारांश लेख्न लगाई त्यसैका आधारमा प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## ३.४ सामग्री सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य पुरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्रीको अवलम्बन गरिएको छ ।

**विशिष्टीकरण तालिका**

प्रस्तुत शोधपत्रको विश्लेषण गर्दा भाषिक शुद्धतामा ५ अंक, मौलिकतामा ५ अंक, क्रमवद्धतामा ५ अंक, मूलभावमा ५ अंक र संक्षिप्त रूपमा ५ अंक गरी २५ अंक निर्धारण गरिएको छ । यसका लागि समय ३० मिनेट निर्धारण गरिएको छ । यसमा पूर्णाङ्क २५ राखिएको छ ।

### ३.४.१ प्राथमिक स्रोतका सामग्रीहरू

प्रस्तुत शोधकार्यमा आवश्यक सामग्री सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका रूपमा विद्यालयहरूमा पुगी विद्यार्थीहरूलाई सारांश लेख्न लगाई उत्तरपुस्तिका सङ्कलन गरिएको छ । तिनै उत्तरपुस्तिका नै प्रस्तुत शोधकार्यका प्राथमिक स्रोत सामग्री हुन् ।

### ३.४.२ द्वितीयक स्रोतका सामग्रीहरू

विद्यार्थीको सारांश लेखन क्षमताको आधारमा रहेर दिएको अनुच्छेदलाई भाषिक शुद्धता, मौलिकता, क्रमवद्धता, मूलभाव र संक्षिप्त रूपका आधारमा रहेर अङ्क विभाजन गरी कसले, के कति अंक प्राप्त गऱ्यो त्यसका आधारमा अङ्क निर्धारण गरिएको छ ।

## ३.५ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिका भएकाले परीक्षणका लागि प्रश्नपत्र निर्माण गरिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा आधारित रहेर एउटा पठित र अर्को अपठित अनुच्छेद निर्माण गरिएको छ । सारांश लेखन क्षमताको परीक्षण गर्न दृष्टांश र अदृष्टांश अुनच्छेद लिई परीक्षण गरिएको छ ।

## ३.६ पूर्वपरीक्षण र मानकीकरण

प्रस्तुत शोधकार्यको अध्ययनमा विद्यार्थीहरूको सारांश लेखनसम्बन्धी क्षमताको परीक्षण तथा तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले परीक्षणका लागि प्रश्नपत्र बनाई १० जना

विद्यार्थीहरूमा प्रश्नको कठिनाई स्तर पत्ता लगाउन पूर्वपरीक्षण गरिएको छ । यसका लागि कक्षा आठमा अध्ययन गराइरहनु भएका शिक्षकहरूको सहयोग लिई १० जना विद्यार्थीहरूमा सारांश लेखन गराइएको छ । उक्त तयार गरिएको प्रश्नपत्रलाई शोधनिर्देशन, विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित अन्तिम रूपमा दिइएको छ ।

## ३.७ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरी सकेपश्चात् सम्बन्धित विद्यालयका प्रधानाध्यापक एवम् विषय शिक्षकहरूसँग अनुरोध गरी विद्यार्थीहरूलाई सारांश लेखनको लागि सहज वातावरण उपलब्ध गराइएको छ । परीक्षा सञ्चालन हुनुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालना गर्नुपर्ने नियमहरूका बारेमा जानकारी गराई परीक्षाको निश्चित समय अवधि तोकिएको छ । त्यसपछि प्रश्नपत्रलाई परीक्षणको लागि अध्ययन गर्ने क्षेत्रमा गई प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्रा गरी एउटा विद्यालयका जम्मा १० जना विद्यार्थीहरूको दरले १०० जना विद्यार्थीहरूमा परीक्षणको कार्यन्वयन गरिएको छ ।

## ३.८ उत्तरपुस्तिका परीक्षण

विद्यार्थीद्वारा लेखिएका उत्तरपुस्तिका जम्मा गरी तयार पारिएको मूल्याङ्कनका आधारहरूमा केन्द्रित रही उत्तरपुस्तिका परीक्षण गरेर प्राप्ताङ्क निकालिएको छ । त्यसपछि उक्त प्राप्ताङ्कहरूलाई निर्धारित श्रेणीअनुसार वर्गीकृत गरिएको छ ।

(क) अति उच्चस्तर : ८० देखि माथिको अङ्क प्राप्त गर्ने

(ख) उच्चस्तर : ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने

(ग) मध्यम स्तर : ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने

(घ) निम्न स्तर : ० देखि ३९ सम्म प्राप्त गर्ने

## ३.९ तथ्याङ्कको व्याख्या विश्लेषण

उत्तरपुस्तिका परीक्षणबाट निकालिएका विद्यार्थीका प्राप्ताङ्कलाई नै तथ्य मानी त्यसको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको स्थिति के कस्तो छ भन्ने कुरालाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा व्याख्या तथा विश्लेषण गरिएको छ । विद्यार्थीहरूको

क्षमतालाई चार तहमा विभाजन गरिएको छ । ० देखि ३९ सम्म अङ्क प्राप्त गर्नेलाई निम्न स्तर, ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्नेलाई मध्यमस्तर, ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्नेलाई उच्च स्तर र ८० देखि माथि १०० सम्म अङ्क प्राप्त गर्नेलाई अति उच्चस्तर निर्धारण गरिएको छ । त्यसपछि सङ्ख्या र प्रतिशतका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको विश्लेषण गरिएको छ । उक्त सङ्कलित तथ्याङ्कहरूलाई विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त क्रममा विद्यार्थीको सारांश लेखन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा पनि तुलनात्मक अध्ययन गरिएको छ । उक्त क्षमतालाई तालिकीकरण र वृत्तचित्रमा समेत छुट्टाछुट्टै रूपमा व्याख्या विश्लेषण गरिएको छ । सारांश लेखन क्षमता अवधारणात्मक ढाँचाको व्याख्या विश्लेषण गर्ने क्रममा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने तथ्याङ्कको व्याख्या विश्लेषण गरी विद्यार्थीहरूको क्षमताको निष्कर्ष निकाल्नका लागि अंशतः आगमनात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय - चार

# समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

## ४.१ पृष्ठभूमि

प्रस्तुत अध्ययनमा बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूको सारांश लेखन क्षमतासम्बन्धी सामग्री सङ्कलन गरिएको छ । ५० पूर्णाङ्कको परीक्षा लिई आवश्यक सामग्रीको सङ्कलन गरेपछि उत्तरपुस्तिका परीक्षण गरी निकालिएको प्राप्ताङ्कलाई तथ्याङ्क मानेर त्यसका आधारमा उनीहरूको सारांश लेखन क्षमताको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस क्रममा सुरुमा प्रतिशत र त्यसपछि मध्यमान र मानक विचलनका आधारमा छनोटमा परेका समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गरिएको छ ।

## ४.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता

विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - १

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३९ | ३९ | ३८ | ३८ | १९ | १९ | ४ | ४ |

चित्र सङ्ख्या - १

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका १०० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३९ (३९ प्रतिशत) रहेको पाइन्छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३८ (३८ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (१९ प्रतिशत) रहेको पाइन्छ भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न स्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ३९ प्रतिशत र मध्यमस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ३८ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू १९ प्रतिशत रहेको पाइन्छ भने अतिउच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्न र मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरू ७७ प्रतिशत रहेका तथा उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २३ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा अझ कमजोर रहेको पाइन्छ ।

## ४.३ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता

यस क्रममा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क तालिका र वृत्तचित्रमाा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थींहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४३.२२ | ८.९८ | ४१ | ४१ | ५९ | ५९ |

**चित्र सङ्ख्या - २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत तालिका र वृत्तचित्रमा देखाएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४३.२२ प्रतिशत र मानक विचलन ८.९८ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ (४१ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५९ (५९ प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्याभन्दा बढी अङ्क प्राप्त गर्ने बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ प्रतिशतले बढी देखिएकाले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको भन्दा राम्रो रहेको देखिन्छ । मानक विचलन ८.९८ रहेकाले यस आधारमा पनि विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.४ निष्कर्ष

यस अध्ययनमा बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा निम्न र मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरू ७७ प्रतिशत र उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २३ प्रतिशत रहकाले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको देखिन्छ । त्यसै गरी समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ५३.२२ प्रतिशत र मानक विचलन ८.९८ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५९ प्रतिशत रहेको पाइन्छ । यसको आधारमा हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ प्रतिशतले बढी देखिएकाले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय – पाँच

# विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखत क्षमताको अध्ययन

## ५.१ पृष्ठभूमि

यस अध्यायमा विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा छनोटमा परेका बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू र ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू गरी जम्मा १०० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनका क्रममा सारांश लेखनका विभिन्न पक्षहरूका आधारमा समष्टिगत अध्ययन गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई सुरुमा छुट्टाछुट्टै उपशीर्षकमा र त्यसपछि ती विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

## ५.२ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको प्रतिशतका आधारमा सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - ३

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १९ | ३८ | २१ | ४२ | ८ | १६ | २ | ४ |

चित्र सङ्ख्या - ३

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रमा प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । यस आधारमा अध्ययन गर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेका छन् भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ३८ प्रतिशत र मध्यमस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ४२ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्च स्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेका छन् । यसरी समग्रमा हेर्दा निम्न र मध्यमस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ८० प्रतिशत रहेका हुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा केही निम्न स्तरको रहेको पाइन्छ ।

## ५.३ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - ४

संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ४० | १७ | ३४ | ११ | २२ | २ | ४ |

चित्र सङ्ख्या - ४

संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क



प्रस्तुत तालिका र स्तम्भचित्रको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १७ (३४ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ (३२ प्रतिशत) रहेको पाइन्छ भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत र मध्यमस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ३४ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू २२ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । समग्रमा हेर्दा निम्नस्तर र मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरू ७४ प्रतिशत तथा उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २६ प्रतिशत रहेको हुँदा संस्थागत विद्यालयको विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा पनि निम्न स्तरको वा नराम्रो रहेको पाइन्छ ।

## ५.४ प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलना

यस उपशीर्षकमा प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यहाँ सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - ५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक ५० | १९ | ३८ | २१ | ४२ | ८ | १६ | २ | ४ |
| संस्थागत ५० | २० | ४० | १७ | ३४ | ११ | २२ | २ | ४ |

चित्र सङ्ख्या - ५

प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयको विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको

सङ्ख्या १७ (३४ प्रतिशत) रहेको छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ११ (१२ प्रतिशत) रहेको छ । त्यसै गरी ८० भन्दा माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न र मध्यमस्तको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४० (८० प्रतिशत) र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३७ (७४ प्रतिशत) रहेको देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै उच्च र अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको स्तर राम्रो रहेको देखिन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा सारांश लेखन क्षमताको अध्ययन गरिएको छ । विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान र मानक विचलनलाई तालिका र वृत्तचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ६**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.७२ | ९.८९ | २१ | ४२ | २९ | ५८ |

चित्र सङ्ख्या - ६

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४२.७२ प्रतिशत र मानक विचलन ९.८९ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (४२ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ (५८ प्रतिशत) रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमानभन्दा १६ प्रतिशतले बढी रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा केही राम्रो रहेको पाइन्छ । त्यस्तै मानक विचलन ९.८९ देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिका र वृत्तचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ७**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४३.५२ | ८.२३ | २० | ४० | ३० | ६० |

**चित्र सङ्ख्या- ७**

**मध्यमानका आधारमा संस्थान विद्यालयका विद्यार्थीहरूको सारांश क्षमताको तथ्याङ्क**




प्रस्तुत तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४३.५२ र मानक विचलन ८.२३ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ६० प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागत

विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमानभन्दा बढी अङ्क ल्याउने १० प्रतिशत बढी रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा केही राम्रो रहेको देखिन्छ । त्यस्तै मानक विचलन ८.२३ देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.७ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - ८

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| विद्यालयको प्रकृति | मध्यमान | मानक विचलन |
|---|---|---|
| सामुदायिक | ४२.७२ | ९.८९ |
| संस्थागत | ४३.५२ | ८.२३ |

चित्र सङ्ख्या - ८

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४२.७२ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ४३.५२ रहेको छ। सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ०.८० दशमलवले बढी पाइएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता केही राम्रो रहेको पाइन्छ। त्यस्तै सामुदायिकतर्फका विद्यार्थीहरूको मानक विचलन ९.८९ रहेको देखिन्छ भने संस्थागत तर्फको मानक विचलन ८.२३ रहेको छ। यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १.६६ अङ्कले कम पाइनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ।

## ५.८ निष्कर्ष

यस अध्ययनमा बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा निम्न र मध्यमस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ८० प्रतिशत तथा उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा निम्न र मध्यमस्तरको क्षमता भएका विद्यार्थीहरूका ७४ प्रतिशत र उच्च र अतिउच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २६ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसै गरी मध्यमानका आधारमा सारांश लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयको मध्यमानभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ०.८० प्रतिशतले बढी पाइएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता केही राम्रो रहेको देखिन्छ । त्यस्तै मानक विचलनका आधारमा तुलना गर्दा सामुदायिक विद्यालयको सारांश लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता १.६६ प्रतिशतले कम पाइनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

# अध्याय – छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन

## ६.१ पृष्ठभूमि

यस अध्यायमा लैङ्गिकताका आधारमा बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका गरी ५० जना छात्र र ५० जना छात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यस क्रममा सुरुमा छात्र र छात्राको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा सारांश लेखन क्षमताको तुलनात्मक अध्ययनसमेत गरिएको छ । उनीहरूको सारांश लेखन क्षमताको अध्ययनलाई विभिन्न उपशीर्षहरूमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ६.२ प्रतिशतका आधारमा छात्रहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्रहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या ९

प्रतिशतका आधारमा छात्रहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १६ | ३२ | २३ | ४६ | ९ | १८ | २ | ४ |

चित्र सङ्ख्या ९

प्रतिशतका आधारमा छात्रहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्रको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको छ भने ८० भन्दा माथिसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा सारांश लेखन क्षमता भएका छात्रहरू ३२ प्रतिशत र मध्यमस्तरको सारांश लेखन क्षमता भएका छात्रहरू ४६ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको सारांश लेखन क्षमता भएका छात्रहरू १८ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको सारांश लेखन क्षमता भएका छात्रहरू ४ प्रतिशत मात्र रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तरको क्षमता र मध्यमस्तरको क्षमता भएका छात्रहरू ७८ प्रतिशत रहेको तथा उच्च र अति उच्चस्तरको क्षमता भएका छात्रहरू २२ प्रतिशत रहेको हुँदा छात्रहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

## ६.३ प्रतिशतका आधारमा छात्राहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिका र स्तम्भ चित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - १०

प्रतिशतका आधारमा छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ४० | १५ | ३० | १३ | २६ | २ | ४ |

चित्र सङ्ख्या - १०

प्रतिशतका आधारमा छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भचित्र अनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने

छात्राहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको सारांश लेखन क्षमता भएका छात्राहरू ४० प्रतिशत र मध्यमस्तरको सारांश लेखन क्षमता भएका छात्राहरू ३० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्च र अति उच्चस्तरको सारांश लेखन क्षमता भएका छात्राहरू ३० प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तर र मध्यमस्तरको सारांश लेखन क्षमता भएका छात्राहरू ७० प्रतिशत र उच्च र अति उच्चस्तरको सारांश लेखन क्षमता भएका छात्राहरू ३० प्रतिशत रहेको हुँदा छात्राहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

## ६.४ प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यहाँ छात्र र छात्राहरूको क्षमताको तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।


**तालिका सङ्ख्या - ११**

**प्रतिशतका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | ० देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ५० | १६ | ३२ | २३ | ४६ | ९ | १८ | २ | ४ |
| छात्रा ५० | २० | ४० | १५ | ३० | १३ | २६ | २ | ४ |

चित्र सङ्ख्या - ११

प्रतिशतका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार छात्र र छात्राको प्रतिशतका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । ० देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १६ ( ३२ प्रतिशत) रहेको छ भने छात्राको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या २३ (४६ प्रतिशत) रहेको छ भने छात्राको सङ्ख्या १५ (३० प्रतिशत) रहेको छ । त्यस्तै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ९ (१८ प्रतिशत) रहेको छ भने छात्राको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ । ८० भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ भने छात्राको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कका आधारमा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या तर्फ ३९ (७८ प्रतिशत) छात्राहरूको सङ्ख्या ३५ (७० प्रतिशत) रहेकोले छात्राको सारांश लेखन क्षमताको तुलनामा छात्रको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै उच्च र अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ११ (२२ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या १५ (३० प्रतिशत) रहेको देखिन्छ । यस आधारमा छात्रको सारांश लेखन क्षमताको तुलनामा छात्राको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । यसरी छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तुलनामा छात्रहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.७ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या- १२

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४२.१२ | ७.८५ | २८ | ५६ | २२ | ४४ |

चित्र सङ्ख्या - १२

मध्यमानका आधारमा छात्रहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रका अनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्रहरूको सारांश लेखन क्षमताको मध्यमान ४५.१२ रहेको छ भने मानक विचलन ७.८५

रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम क्षमता भएका छात्रहरू ५६ प्रतिशत र मध्यमानभन्दा बढी क्षमता भएका छात्रहरू ४४ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सारांश लेखन क्षमताको मध्यमानभन्दा कम १२ प्रतिशत छात्राहरू रहेकाले उनीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा पनि केही कमजोर रहेको पाइन्छ । त्यस्तै मानक विचलन ७.८५ देखिनुले यसका आधारमा पनि छात्रहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको देखिन्छ ।

## ६.६ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सारांश लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । उक्त छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या -१३**

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४३.५२ | ८.१७ | २६ | ५२ | २४ | ४८ |

**चित्र सङ्ख्या - १३**

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत तालिका र वृत्तचित्रअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको सारांश लेखन क्षमताको मध्यमान ४३.२७ रहेको छ भने मानक विचलन ८.१७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम क्षमता भएका छात्राहरू ५२ प्रतिशत र मध्यमानभन्दा बढी सारांश लेखन क्षमता भएका छात्राहरू ४८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा छात्राहरूको सारांश लेखन क्षमता मध्यमानभन्दा कम क्षमता भएका छात्राहरू ४ प्रतिशतले बढी रहेकाले छात्राहरूको सारांश लेखन क्षमता त्यति राम्रो देखिँदैन । मानक विचलन ८.१७ देखिनुले यसको आधारमा छात्राहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.७ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यही मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार तुलनात्मक विश्लेषण गरिएको छ :


तालिका सङ्ख्या - १४

**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क**

| लैङ्गिकता | मध्यमान | मानक विचलन |
|---|---|---|
| छात्र ५० | ४५.१२ | ७.८५ |
| छात्रा ५० | ४३.२७ | ८.१७ |

चित्र सङ्ख्या १४

मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको सारांश लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा ५० जना छात्रहरूको सारांश लेखन क्षमताको मध्यमान ४५.१२ रहेका छ भने ५० जना छात्राहरूको मध्यमान ४३.२७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्र र छात्राको सारांश लेखन क्षमतामा छात्राको भन्दा छात्रको सारांश लेखन क्षमताको मध्यमान १.८५ अङ्कले बढी देखिएकाले छात्रको सारांश लेखन क्षमता छात्राको भन्दा केही राम्रो देखिन्छ । त्यस्तै गरी छात्रहरूको मानक विचलन ७.८५ रहेको देखिन्छ भने छात्राहरूको मानक विचलन ८.१७ रहेको देखिन्छ । छात्र र छात्राहरूको सारांश लेखन क्षमताको मानक विचलन हेर्दा छात्रहरूको ०.३२ अङ्कले कम देखिनुले छात्रको सारांश लेखन क्षमता छात्राको भन्दा राम्रो रहेको देखिन्छ ।

## ६.८ निष्कर्ष

लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यसमा छात्राहरूको सारांश लेखन क्षमतालाई हेर्दा निम्न र मध्यमस्तरको क्षमता भएका छात्रहरू ७८ प्रतिशत र उच्च र अति उच्चस्तरको सारांश लेखन क्षमता भएका छात्रहरू २२ प्रतिशत रहेकाले छात्रहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको

पाइन्छ । छात्राहरूको सारांश लेखन क्षमतालाई हेर्दा निम्न र मध्यमस्तरको क्षमता भएका छात्राहरू ७० प्रतिशत र उच्च र अति उच्च सारांश लेखन क्षमता भएका छात्राहरू ३० प्रतिशत रहेकोले छात्राहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको देखिन्छ । यसरी हेर्दा छात्राको सारांश लेखनक्षमता भन्दा छात्रको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसै गरी मध्यमानका आधारमा सारांश लेखनका तुलना गर्दा छात्रको सारांश लेखन क्षमता १.८५ अङ्कले बढी देखिएकाले छात्राको सारांश लेखन क्षमताभन्दा छात्रको सारांश लेखन क्षमता केही राम्रो रहेको पाइन्छ । त्यस्तै मानक विचलनका आधारमा तुलना गर्दा छात्रको सारांश लेखन क्षमता ०.३२ अङ्कले कम देखिनुले छात्राको भन्दा छात्रको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय – सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनमा केन्द्रित छ । यस शोधकार्यलाई सातवटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई पनि विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

अध्याय एकको शीर्षक **शोधपरिचय** रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन तथा शोधपत्रको रूपरेखा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमिअन्तर्गत शोधशीर्षकलाई चिनाउने क्रममा भाषाशिक्षणअन्तर्गत विद्यार्थीहरूको सारांश लेखन क्षमताको बारेमा चिनारी दिइएको छ । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप विकास गर्नका लागि र कुनै कुरालाई छोट्याएर लेख्ने बानी विकास गर्नका लागि सारांश लेखन क्षमताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका साथसाथै मूल कुरा पत्ता लगाउने क्षमताको विकास गराउँछ । बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनलाई यस शोधकार्यको मूल समस्या बनाइएको छ भने उक्त विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूले तुलनात्मक स्थितिको अध्ययनलाई शोध प्रश्न बनाइएको छ । यी समस्यासँग सम्बन्धित उक्त कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमता पत्ता लगाउने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ । प्रस्तुत शीर्षकमा यसभन्दा अघि बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमतामा शोध अध्ययन नभएकाले यो शोधकार्य सान्दर्भिक रहेको कुरा उल्लेख गरिएको छ । यस क्रममा अध्ययन क्षेत्रका रूपमा बैतडी जिल्लालाई लिइएको छ । बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानिएको छ । त्यसमा पनि सामुदायिक विद्यालय ५ र संस्थागत विद्यालय ५ गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा मात्र प्रस्तुत शोधलाई सीमित गरिएको छ । यीबाहेक अन्य आधारबाट यस शोधमा अध्ययन गरिएको छैन । शोधपत्रको

रूपरेखाअन्तर्गत अध्याय एकमा शोधको परिचय अध्याय दुईमा पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा, अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चार, पाँच र छमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको विश्लेषण र अन्तिम अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगितालाई समग्र अध्यायको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईको शीर्षक **पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा** रहेको छ । यसमा पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । त्यसै गरी अवधारणात्मक ढाँचाअन्तर्गत सारांश लेखनको परिचय, सारांश लेखनका विधि वा कार्यकलापहरू सारांश लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरू, सारांश लेखन क्षमताको आवश्यकता, महत्त्व र प्रयोजन र लेखाइ सीप र सारांश लेखनको सम्बन्धका विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ । यस अध्यायअन्तर्गत ५ वटा पुस्तकको समीक्षाबाट अवधारणा र १० वटा शोध समीक्षाबाट प्रायोगिक ज्ञान प्राप्त गरिएको छ । सारांश लेखनलाई चिनाउने क्रममा कुनै पाठ वा सङ्कथनमा भएका मुख्य कुरालाई नछुटाई एक तृतीयांशमा घटाएर लेख्नुलाई सारांश लेखन भनिन्छ भन्ने कुरा उल्लेख गरिएको छ । सङ्क्षिप्तता, पूर्णता र स्पष्टता सारांशका गुण हुन् । लेखन सीप विकास गर्न र विद्यार्थीहरूको आन्तरिक खुबी, क्षमता, क्रमबद्धता र नियमबद्धता जस्ता पक्षको विकास गराउन मद्दत गर्ने हुनाले सारांश लेखन उपयोगी हुन्छ भन्ने कुरालाई पनि यस क्रममा प्रस्ट पारिएको छ ।

अध्याय तीनको शीर्षक **अध्ययन विधि र प्रक्रिया** रहेको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा क्षेत्रीय अध्ययन विधि अपनाई सामग्री सङ्कलन गरिएको छ भने अध्ययन प्रक्रियाअन्तर्गत बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भई सामग्री सङ्कलन गरिएको छ । द्वितीयक स्रोतका रूपमा सारांश लेखनसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, निर्देशकको निर्देशन र शिक्षकहरूका सल्लाह सुझाव आदिलाई ग्रहण गरिएको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत पृष्ठभूमि, जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री सङ्कलनका साधनहरू (प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू) सामग्री निर्माण, पूर्वपरीक्षण र मानकीकरण, परीक्षणको कार्यान्वयन, उत्तरपुस्तिका परीक्षण, तथ्याङ्कको व्याख्या विश्लेषण तथा साङ्ख्यिकीको

प्रयोगअन्तर्गत तालिकीकरण, वृत्तचित्र, मध्यमान र मानक विचलनलाई उपशीर्षहरूमा उल्लेख गरिएको छ ।

अध्याय चारको शीर्षक **समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** रहेको छ । प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता निम्न र मध्यमस्तरका सारांश लेखन क्षमता भएका विद्यार्थीहरू ७७ प्रतिशत र उच्चस्तरको सारांश लेखन क्षमता भएका विद्यार्थीहरू २३ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ । मध्यमान र मानक विचलनका सारांश लेखन क्षमतालाई हेर्दा समग्र विद्यार्थीहरूको सारांश मध्यमस्तरको रहेको पाइएको छ । समग्रमा हेर्दा विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

अध्याय पाँचको शीर्षक **विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** रहेको छ । यसअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको छुट्टाछुट्टै र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । यसअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन प्रतिशत मध्यमान र मानक विचलनका आधारमा तुलना गरिएको छ । प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता निरन्तर मध्यमस्तरका ८० प्रतिशत तथा उच्च र अति उच्चस्तरमा २० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता निम्न र मध्यमस्तरमा ७४ प्रतिशत तथा उच्च र अति उच्चस्तरमा २६ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यम स्तरको भन्दा केही निम्न स्तरको रहेको पाइन्छ । प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४२.७२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमान ४३.५२ रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको

पाइन्छ । मानक विचलनका आधारमा हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

अध्याय छको शीर्षक **लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** रहेको छ । यसअन्तर्गत छात्र र छात्राहरूको सारांश लेखन क्षमताको छुट्टाछुट्टै र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । यसअन्तर्गत लैङ्गिकताका आधारमा विद्यार्थीहरूको सारांश लेखन क्षमतालाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा अध्ययन गरिएको छ । प्रतिशतका आधारमा हेर्दा छात्रहरूको सारांश लेखन क्षमता निम्न र मध्यमस्तरका ७८ प्रतिशत तथा उच्च र अति उच्चस्तरमा २२ प्रतिशत रहेकाले छात्रहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ । त्यसै गरी छात्राहरूको सारांश लेखन क्षमता निरन्तर मध्यम स्तरमा ७० प्रतिशत तथा उच्च र अति उच्चस्तरमा ३० प्रतिशत रहेकाले छात्राहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ । प्रतिशतका आधारमा तुलनात्मक रूपमा हेर्दा छात्रहरूको सारांश लेखन क्षमता निरन्तर मध्यमस्तरमा ७८ प्रतिशत छात्राहरूको सारांश लेखन क्षमता निरन्तर छात्राको स्तरमा ७० प्रतिशत रहेकाले छात्रको भन्दा छात्राको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी उच्च र अति उच्च स्तरको सारांश लेखन क्षमता भएका छात्रहरू २२ प्रतिशत र छात्राहरू ३० प्रतिशत रहेकाले छात्रहरूको सारांश लेखन क्षमताभन्दा छात्राहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा हेर्दा छात्रहरूको सारांश लेखन क्षमताको मध्यमान ४५.१२ र छात्राको ४३.२७ प्रतिशत रहेकोले छात्रहरूको सारांश लेखन क्षमताभन्दा छात्राहरूको सारांश लेखन क्षमताभन्दा छात्राहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा छात्रहरूको सारांश लेखन क्षमताको मानक विचलन ७.८५ र छात्राहरूको ८.१७ रहेकोले छात्रहरूको सारांश लेखन क्षमता भन्दा छात्राहरूको सारांश लेखन क्षमता राम्रो देखिन्छ ।

प्रस्तुत शोधकार्यको अध्याय सातको शीर्षकमा **सारांश, निष्कर्ष र उपयोगिता** रहेको छ । यस अध्यायमा शोधकार्यको अध्ययनको सारांशअन्तर्गत सबै अध्ययनका कुरालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी निष्कर्षअन्तर्गत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनबाट प्राप्त तथ्यलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधका उपयोगितालाई यहाँ नीतिगत र प्रयोगात्मक तह गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । नीतिगत रूपमा पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखन कार्यमा सहयोग पुग्ने

र प्रयोगगत रूपमा भाषाशिक्षणका कार्यकलाप गराउन र लेखाइ सीपको विकास गराउन सहयोग पुग्ने कुरा उल्लेख गरिएको छ ।

अध्यायको अन्त्यमा परिशिष्ट खण्ड रहेको छ । यसअन्तर्गत पनि प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयको नामावली, जनसङ्ख्या छनोटमा परेका विद्यार्थीहरूको नाम र प्राप्ताङ्क, सबैभन्दा राम्रो र सबैभन्दा नराम्रो उत्तर लेख्ने विद्यार्थीहरूका उत्तर पुस्तिकालाई समावेश गरिएको छ । अन्त्यमा सन्दर्भसामग्री सूची र परिशिष्ट राखिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययन बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

- समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको विश्लेषण गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ७७ प्रतिशत उच्च र अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू रहेको २३ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरू सारांश लेखन क्षमता मध्यमस्तरको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी ५९ प्रतिशत र मध्यमानभन्दा कम ४१ प्रतिशत विद्यार्थीहरू देखिनुले समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको सारांश लेखन क्षमताको मानक विचलन ८.९८ रहेकाले यस आधारमा उक्त विद्यार्थीहरूको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ८० प्रतिशत र उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २० प्रतिशत रहेकाले प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा केही निम्नस्तरको रहेको पाइन्छ ।
- प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ७४ प्रतिशत तथा

उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २६ प्रतिशत रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता मध्यमस्तरभन्दा पनि निम्न स्तरको वा नराम्रो रहेको पाइन्छ ।

- प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमतामा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ७२ प्रतिशत र संस्थागततर्फका विद्यार्थीहरू ७४ प्रतिशत तथा उच्च र अति उच्च स्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू १० प्रतशित र संस्थागत विद्यालयका विद्यार्थीहरू १३ प्रतिशत रहेकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको स्तर राम्रो रहेको पाइन्छ ।

- मध्यमानको आधारमा सारांश लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान (४२.७२) र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान (४३.५२) रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान (०.८०) ले बढी रहेकाले केही राम्रो रहेको पाइन्छ । मानक विचलनका आधारमा तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ९.८९ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ८.२३ रहेको पाइन्छ । यस आधारमा तुलना गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता १.६६ प्रतिशत कम रहेकाले राम्रो पाइन्छ ।

- छात्राहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने छात्राहरू ७० प्रतिशत उच्च र अति उच्च स्तरको अङ्क प्राप्त गर्ने छात्राहरू ३० प्रतिशत रहेकाले छात्राहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

- छात्रहरूको सारांश लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने छात्रहरू ७८ प्रतिशत र उच्च र अति उच्च स्तरको अङ्क प्राप्त गर्ने छात्रहरू २२ प्रतिशत रहेकाले छात्रहरूको सारांश लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ ।

- छात्र र छात्राहरूको सारांश लेखन क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा उच्च र अति उच्च स्तरको क्षमता भएका छात्रहरू २२ प्रतिशत र छात्राहरू ३० प्रतिशत रहेकाले छात्राको सारांश लेखन क्षमता ८ प्रतिशतले बढी रहेकाले छात्रको भन्दा छात्राको सारांश लेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- मध्यमानको आधारमा सारांश लेखन क्षमताको तुलना गर्दा छात्रहरूको मध्यमान ४५.१२ र छात्राहरूको मध्यमान ४३.२७ रहेकाले छात्राहरूको भन्दा छात्रहरूको सारांश लेखन क्षमताको मध्यमान १.७५ प्रतिशतले बढी रहेकाले छात्राहरूको भन्दा छात्रहरूको सारांश लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

बैतडी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको उपयोगितालाई नीतिगत र प्रयोगात्मक तह गरी छुट्टाछुट्टै उल्लेख गर्नु उपयुक्त हुन्छ ।

### ७.३.१ नीतिगत तह

(क) पाठ्यक्रमविद्हरूलाई सारांश लेखनसम्बन्धी पाठ्यक्रममा समाविष्ट गर्नुपर्ने विषयवस्तुको बारेमा आधार सामग्रीका रूपमा उपयोगी हुन सक्छ ।

(ख) पाठ्यपुस्तक लेखनमा लेखकलाई सारांश लेखनसँग सम्बन्धित सारांशको ढाँचा, संरचना जस्ता कुराहरूको मार्ग प्रस्तुत गर्न सक्दछ ।

(ग) प्रस्तुत शोधकार्य पाठ्यपुस्तक लेखकहरूलाई स्रोत सामग्रीका रूपमा उपयोगी हुन सक्दछ ।

(घ) विद्यार्थीहरूको सारांश लेखनका साथै अन्य भाषिक सीपसँग सम्बन्धित नयाँ अनुसन्धान गर्न यस अध्ययनले भावी अध्येतालाई प्रेरित गर्नेछ ।

### ७.३.२ प्रयोगात्मक तह

(क) प्रस्तुत अध्ययनबाट लेखन सीपको विकासका लागि भाषिक शुद्धताप्रति सचेत गर्दै अभ्यासात्मक कार्यकलाप गराउन सहयोग मिल्ने छ ।

(ख) सारांश लेखनको ढाँचा, तौरतरिकासम्बन्धी आवश्यक ज्ञान, प्रदान गरी सोहीअनुसार लेख्न लेखाउन भाषा शिक्षक र विद्यार्थीहरूलाई सहयोग पुऱ्याउने छ ।

(ग) लैङ्गिक आधारमा छात्रछात्राको सारांश लेखन क्षमताको स्तर पहिचान गरी भाषा शिक्षणलाई प्रभावकारी गराउन मद्दत पुऱ्याउने छ ।

(घ) संस्थागत र सामुदायिक विद्यालयहरूमा पढ्ने विद्यार्थीहरूको लेखन क्षमताको स्तर वृद्धिका लागि शिक्षण गर्न सहयोगी हुनेछ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७२) **माध्यमिक शिक्षक दिग्दर्शन**, काठमाडौँ : आशिष बुक्स हाउस ।

अधिकारी, सरस्वती (२०७३), **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६२), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), **समसामयिक नेपाली व्याकरण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खत्री, प्रेमबहादुर (२०७१), **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट र सारांश लेखन क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम पवित्रा (२०६७), **कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, महेश (२०६८), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), **नेपाली भाषा शिक्षा**, काठमाडौँ : प्रधान बुक हाउस ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), **माध्यमिक शिक्षा पाठ्यक्रम अनिवार्य नेपाली**, भक्तपुर : सानोठिमी ।

पोखरेल, बालकृष्ण र अन्य (२०५८), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०७०), **नेपाली भाषा शिक्षण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), **भाषिक अनुसन्धान विधि**, काठमाडौंः शुभकामना प्रकाशन ताहाचल ।

भट्टराई, रामप्रसाद र ढुङ्गेल, भोजराज (२०७३), **नेपाली व्याकरण र अभिव्यक्ति**, काठमाडौंः शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७३), **प्राज्ञिक लेखन तथा सम्पादन**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र लामिछाने, यादवप्रकाश (२०६५), **साधारण नेपाली**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, रेनुका (२०६६), **कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

रावल, काशिराम (२०६४), **कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०) **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, मायाकुमारी (२०६४), **कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिग्देल मालती (२०६८), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवाल, पुण्यशोधा (२०६९), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

हमाल, यामबहादुर (२०७०), **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयहरू

सामुदायिक विद्यालय

१. निङ्गलाशैनी उच्च माध्यमिक विद्यालय डेहिमाडौँ, बैतडी

२. श्री दशरथचन्द्र माध्यमिक विद्यालय सुन्दर खाली, बैतडी

३. श्री मणिलेक माध्यमिक विद्यालय गुरुखोला, बैतडी

४. विरेन्द्र उच्चमाध्यमिक विद्यालय साहिलेक, बैतडी

५. श्री जगदम्बा माध्यमिक विद्यालय रानीबङ्गा बैतडी

संस्थागत विद्यालय

१. श्री निङ्गलाशैनी आवासीय विद्यालय डेहिमाडौ, बैतीडी

२. श्री पाटन भ्याली स्कूल पाटन, बैतडी

३. श्री नेशनल बाइटर एकेडेमी गोठलापानी, बैतडी

४. श्री सरस्वती इङ्गलिस बोर्डिङ स्कुल साहिलेक बैतडी

५. श्री एम. जेसी. एकेडेमी विद्यालय गोठलापानी बैतडी

## परिशिष्ट (ख)

## तथ्याङ्क सङ्कलनका लागि छनोटमा परेका विद्यार्थीहरूको विवरण

१. निङ्गलाशैनी उच्च माध्यमिक विद्यालय, देहिमाडौं, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | विरेन्द्र बोहरा | १८ | १५ | ६६ |
| २ | अमृता भण्डारी | २० | १७ | ७४ |
| ३ | हरिश धामी | १३ | १५ | ५६ |
| ४ | सुशिल विक | १० | १२ | ४४ |
| ५ | प्रिया भण्डारी | ९ | ८ | ३४ |
| ६ | सरस्वती बोहरा | १४ | १५ | ५८ |
| ७ | विरेन्द्र बोहरा | ८ | १० | ३६ |
| ८ | विक्रम बोहरा | १० | १० | ४० |
| ९ | सिर्जना रावत | ५ | ५ | २० |
| १० | मनिषा बोहरा | १४ | १४ | ५६ |

२. निङ्गलाशैनी आवाशीय विद्यालय देहिमाडौं, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | सुनिता बोहरा | २० | १८ | ७६ |
| २ | रविना बोहरा | १२ | १० | ४४ |
| ३ | लक्ष्मी बोहरा | ८ | ८ | ३२ |
| ४ | रेखा ऐरी | ४ | ५ | १८ |
| ५ | राजेन्द्र लावड | ६ | ५ | २२ |
| ६ | विशाल बोहरा | १२ | १० | ४४ |
| ७ | नरेन्द्र बोहरा | ८ | ७ | ३० |
| ८ | अमन भण्डारी | ११ | १२ | ४६ |
| ९ | राजन बोहरा | १८ | १७ | ७० |
| १० | माधवी भट्ट | २० | १८ | ७६ |

३. श्री सरस्वती इङ्लिश बोर्डिङ स्कुल साहिलेक, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | विरेन्द्र चन्द | १३ | १२ | ५० |
| २ | मनिता भट्ट | ५ | ५ | २० |
| ३ | गोकर्ण पाण्डेय | ८ | ८ | ३० |
| ४ | पुजा तिरुवा | ८ | ५ | २६ |
| ५ | रक्षा चन्द | ५ | ८ | २६ |
| ६ | पुस्कर चन्द | ५ | ७ | ३० |
| ७ | गौरव लेखक | १२ | १२ | ४८ |
| ८ | देबकी कार्की | ६ | ५ | २२ |
| ९ | सुबिका जोशी | ९ | ८ | ३४ |
| १० | निर्मल विष्ट | १३ | १० | २६ |

४. श्री वीरेन्द्र उ.मा.वि. विद्यालय साहिलेक, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | पुरन तिरुवा | ८ | ५ | २६ |
| २ | अर्जुन तिरुवा | १२ | १२ | ४८ |
| ३ | दिया लुहार | ९ | ८ | ३४ |
| ४ | दिनेश दमाई | १२ | १० | ४४ |
| ५ | हरिश कार्की | १६ | १५ | ६२ |
| ६ | गणेश चन्द | १२ | १० | ४४ |
| ७ | हरिना चन्द | ५ | ५ | २० |
| ८ | मनिता चन्द | ८ | ८ | ३२ |
| ९ | मोहिनी ठगुन्ना | ६ | ७ | २६ |
| १० | अस्मिता चन्द | ५ | ५ | २० |

५. श्री एम. जेसी. एकेडेमी विद्यालय, गोठलापानी बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | मेघा धामी | १४ | १३ | ५४ |
| २ | नितु कार्की | १२ | १३ | ५० |
| ३ | हेमन्त भट्ट | ८ | ८ | ३२ |
| ४ | नविन नाथ | १० | १२ | ४४ |
| ५ | उर्मिला धामी | १७ | १८ | ६० |
| ६ | गिरिस भट्ट | १२ | १० | ४४ |
| ७ | पंकज खत्री | ९ | ८ | ३८ |
| ८ | हेमा पन्त | १९ | २० | ७८ |
| ९ | प्रकृति चन्द | १५ | १९ | ६८ |
| १० | राजीव खत्री | २० | १५ | ७० |

६. श्री दशरथचन्द माध्यमिक विद्यालय, सुन्दरखाली बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | नर्मता महर | ८ | ७ | ३० |
| २ | लक्ष्मी नाथ | ६ | ५ | २२ |
| ३ | रोशन भट्ट | १४ | १२ | १८ |
| ४ | दिपा नाथ | ४ | ५ | ५२ |
| ५ | नेवा नेपाली | ८ | १० | ३६ |
| ६ | विशाल पार्की | ११ | १२ | २५ |
| ७ | पुजा बोहरा | ५ | ५ | ४६ |
| ८ | दिपेश जोशी | १२ | १० | २० |
| ९ | मनोज भट्ट | १५ | १२ | ४४ |
| १० | विशाल पन्त | ७ | ५ | ५४ |

७. श्री जगदम्बा माध्यमिक विद्यालय, रानीबुङ्गा बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | अर्जुन मौनी | १२ | १० | ४४ |
| २ | वसन्ती टमाटा | १६ | १५ | ६२ |
| ३ | टेकेन्द्र  टमाटा | १७ | १८ | ७० |
| ४ | अर्जुन टमाटा | १३ | १५ | ५६ |
| ५ | सुरेश भट्ट | ७ | ८ | ३० |
| ६ | निर्मला भट्ट | ६ | ५ | २२ |
| ७ | मनिशा बोहरा | १० | १३ | ४६ |
| ८ | गौतम टमटा | १४ | १२ | ५२ |
| ९ | मनिषा धामी | २२ | २० | ८४ |
| १० | जानकी थिापा | २३ | २२ | ९० |

८. श्री पाटन भ्याली स्कुल मा.वि., पाटन, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | हरिस भण्डारी | १७ | १५ | ६५ |
| २ | उन्नती भण्डारी | १२ | १० | ४४ |
| ३ | आशिष बादी | ६ | ५ | २२ |
| ४ | सुमन तिरुवा | ७ | ५ | २४ |
| ५ | खगराज भट्ट | १४ | १४ | ५६ |
| ६ | किरण महरा | १३ | १२ | ५० |
| ७ | रोशन विष्ट | १६ | १४ | ६० |
| ८ | रोयशनी विष्ट | ५ | ५ | २० |
| ९ | गरीमा भण्डारी | १२ | १० | २४ |
| १० | गोपाल भट्ट | ८ | ७ | २६ |

९. श्री मणिलेक माध्यमिक विद्यालय, गुरुखोला, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | संगित भट्ट | १६ | १५ | ६२ |
| २ | भागरथी थलाल | १० | ८ | ३६ |
| ३ | मनोजप्रसाद भट्ट | ४ | ५ | १८ |
| ४ | कमल भट्ट | १२ | १२ | ४८ |
| ५ | पूर्णिमा भण्डारी | १८ | १६ | ६८ |
| ६ | अनिश चन्द | १४ | १२ | ५२ |
| ७ | प्रियंका भाट | १२ | १० | ४४ |
| ८ | गिता भट्ट | १३ | १५ | ५६ |
| ९ | कमल थलाल | १० | १० | ४० |
| १० | जयन्ती भट्ट | १५ | १७ | ६४ |

१०. श्री नेशनल ब्राइटर एकेडेमी गोठलापानी, बैतडी

| क.सं. | विद्यार्थीको नाम | दृष्टांशको प्राप्ताङ्क | अदृष्टांशको प्राप्ताङ्क | जम्मा |
|---|---|---|---|---|
| १ | करिना गुरुङ | १० | ८ | ३६ |
| २ | कान्वकिशोर जोशी | १४ | १२ | ५२ |
| ३ | हार्दिक जोशी | १२ | १० | ४४ |
| ४ | पीयुष लेखक | २२ | २० | ८४ |
| ५ | दिपा लेखक | १० | १२ | ४४ |
| ६ | विनोद बोहरा | २० | १८ | ७६ |
| ७ | आस्था ठगुन्ना | १९ | १८ | ७४ |
| ८ | निरज रावल | १४ | १५ | ५८ |
| ९ | प्रियान्सी ठगुन्ना | २१ | २० | ४२ |
| १० | कमला भट्ट | २३ | २२ | ९० |

# व्यक्तिवृत्त



नाम जानकी कु. साउँद

ठेगाना भीमदत्त नगर २, सुडा कञ्चनपुर

बुबाको नाम शेरसिंह साउँद

आमाको नाम गोमती साउँद

धर्म हिन्दू

राष्ट्रियता नेपाली

**शैक्षिक योग्यता**

| क्र.सं. | उत्तीर्ण तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी | श्री बैजनाथ मा.वि. गैलनदी, कञ्चनपुर | २०६४ |
| २ | १०+२ | बालजाग्रती बहुमुखी क्याम्पस, सुडा, कञ्चनपुर | २०६७ |
| ३ | स्नातक | जनज्योति बहुमुखी क्याम्पस, कञ्चनपुर | २०७० |
| ४ | स्नातकोत्तर | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | २०७५ |